

## 'भोलिको नेपाल'

**(समसामयिक घटनाको विश्लेषात्मक कथा)**

चन्द्रकान्त आचार्य

'नेपाल होइन, पाल्पा होइन, यो त रोल्पा हो' एकजना युवतीको मधुर स्वरसँगै दुई-तीनजना आइमाईहरू गलल्ल हाँसे। त्यो सुरिलो वाक्य र उनीहरूको हाँसोले सुरेश झस्किए। उनले धेरैबेरदेखि एक टक पानीमा देखिएको सुन्दर प्रतिविम्बलाई हेरिरहेका थिए। हरियो जंगल भएको उत्तर फर्किएको भिरालो पाखामा खसिरहेको झर्नाबाट जम्मा भएको पानीमा एउटी सुन्दर युवती खुट्टा चोपलेर दुई हातले स्फटिकजस्तो स्वच्छ पानी आफ्नो मुखसम्म पुऱ्याउँदै थिइन् र त्यस स्वच्छ पानीको सम्पर्कले उनको गोलो सुन्दर अनुहार रसिलो देखिएको थियो। पानीमा चोपलिएका खुट्टादेखि शिरसम्म उनको सिंगो शरीर पानीमा प्रतिविम्बको रूपमा टल्किरहेको थियो र जंगलको बीचबाट छिरेका सूर्यले सुरेशलाई त्यो प्रतिविम्ब राम्रोसँग देखाइदिए। कैयौं दिनदेखि बेहोसीको अवस्थामा रहेका र त्यस्तै अवस्थामा यस जंगलसम्म आइपुगेका सुरेशलाई त्यस प्रतिविम्बले झक्झकाउन खोजेको थियो र ती नारीका पछिल्ला वाक्यले त उनी होसमा नै आउन खोजे।

'.... यो त रोल्पा हो' भन्ने पछिल्लो शब्दले सुरेशलाई आफू रोल्पामा भएको अनुभव भयो। तर, उनीमा रोल्पामा मात्रै थिए, त्यसभन्दा अघिको कुनै कुरा उनी सम्झँदैनथे र उनको आँखामा नाचिरहेको रोल्पाली युवतीको सुन्दर शरीर पनि उनको स्मरण शक्तिभित्रको सानो भण्डारमा सुरक्षित हुन खोज्दै थियो। अब उनले त्यस प्रतिविम्ब र रोल्पा भन्ने शब्दबाट अलि अघि बढेर आफूलाई पूर्ण होसमा ल्याउने कोसिस गर्दै यताउति आँखा दौडाउँदै रोल्पा जिल्लाका हरिया पहाडहरू र रमणीय वस्तीहरू हेर्न थाले। ती वस्तीहरू हेरिसकेपछि उनले आफ्नो स्मरण शक्तिको भण्डारलाई अलि ठूलो बनाउन खोज्दै '.... पाल्पा होइन' भन्ने शब्दहरू सम्झे। यसरी रोल्पा जिल्लाका वस्तीहरू हेरिरहेका सुरेशको स्मृतिपटलमा पाल्पा जिल्लाका वस्तीहरू देखिन थाले। उनले बेहोसीको अवस्थामा पार गरेको 'पोखरा-तानसेन' यात्रा र आरे भञ्ज्याङदेखि तानसेन आइपुग्दासम्म देखिएका पोखराथोक, मदनपोखरा आदि स्मरणीय वस्तीहरू र श्रीनगर डाँडाले सुशोभित तानसेन बजार बल्ल उनको स्मृति भण्डारमा स्पष्टसँग बसे। अब उनको स्मरण शक्तिको भण्डार यति ठूलो भयो कि पोखरादेखि पाल्पा हुँदै रोल्पासम्म आइपुगेका सबै कुरा सम्झन थाले। तर, त्योभन्दा पहिले उनी कहाँ थिए भन्ने कुरा बुझ्नको लागि उनले पुनः त्यही सुरिलो वाक्य सम्झे र 'नेपाल होइन ....' भन्ने शब्दहरूमा उनी अडिए।

'नेपाल होइन ! किन ? यो त नेपाल नै हो र म नेपाली हुँ' भन्ने स्मरण गर्दै उनी काठमाडौंबाट पश्चिम लागेर पोखरा, पाल्पा हुँदै रोल्पा आइपुगेको सम्पूर्ण अतीत उनको स्मृतिपटलमा ताजा भयो। पश्चिमतिर काठमाडौंलाई नेपाल भनिने गरेको कुरा पनि अब उनलाई सम्झना आउन थाल्यो र ती युवतीले भनेका कुरा उनले राम्ररी बुझे। तर, 'किन म यहाँसम्म आइपुगें ? कुन शक्तिले मलाई यहाँसम्म ल्याइपुऱ्यायो ?' भनेर अचम्म मान्दै लिवाङ जाने जंगलको बाटोमा रूखको छहारीमा बसेर नजिकैको पानीमा सुन्दर प्रतिविम्ब हेरिरहेका सुरेशले आफू बेहोस भएको घटनालाई विश्लेषण गर्न थाले।

सुरेश काठमाडौंमा एउटा प्राइभेट अफिसमा कम्प्युटर अपरेटरको काम गर्दथे। धनकुटाबाट काठमाडौं आई बीएसम्म पढेर कम्प्युटर तालिम लिएका हुनाले उच्च अध्ययन गर्दै जान र आफ्नो गुजारा चलाउनको लागि उनले सानो जागिर खाएका थिए र अफिसको नजिकै पारेर रामशाहपथमा डेरा लिएका थिए। उनीसँगै डेरा गर्ने एकजना साथीको कोठामा टेलिभिजन थियो र सधैंजसो उनी नेपाल टीभीको बेलुकीको समाचार हेर्न साथीको कोठामा पस्दथे। एक बेलुकी आठ बजेको समाचार प्रसारण हेरिरहेका सुरेशलाई एक्कासि चक्कर आयो।

नेपाल टीभीको त्यस बेलुकीको समाचार प्रसारणमा सुरेशले केही दिन पूर्व अर्घाखाँचीमा भएको विध्वंसकारी घटनामा मारिएका व्यक्तिहरूका बेवारिसे लासहरू यत्रतत्र छरिएका देखे। ती लासहरूमध्ये चुत्राबेसी बगरमा दुई-चारवटा ढुंगाले थिचिएको एउटी कलिली युवतीको लास थियो। कलम र कापी समाउने कलिलो उमेरका ती हातले किन र कसरी बन्दुक

बोके होलान् भनेर त्यस लासको बारेमा घोरिइरहँदा उनलाई चक्कर आएको रहेछ। एकछिनपछि कोठामा आएका साथीले उनलाई होसमा ल्याए र उनको कोठामा पुऱ्याएर आराम गर्ने सल्लाह दिए।

अर्को दिन बिहान सबेरै सुरेश डेराबाट बाहिर निस्के र सधैंझैं चोकमा पुगेर दैनिक पत्रिकाहरू हेर्न थाले। हेर्दाहेर्दै उनको नजर एउटा पत्रिकाको मुखपृष्ठको फोटोमा पऱ्यो। त्यो फोटो हेरेर उनी धेरै भावुक भए। श्री ५ महाराजाधिराजबाट आफ्ना वीरगति प्राप्त पतिको मरणोपरान्त मानपदवी ग्रहण गर्दै गरेकी एक सुरक्षाकर्मीकी विधवाले आफ्नो वेदनालाई त्यहाँ मूर्तरूपमा प्रस्तुत गरेकी थिइन्। कुनै सिनेमामा त्यस्तो दृश्य प्रस्तुत गर्न लाखौं रुपैयाँ खर्च गर्नुपर्थ्यो होला र त्यस्तो दृश्य हेर्दा हलभरिका दर्शकहरूका आँखा भरिएर सन्नाटा छाइन्थ्यो होला। तर, यहाँ एउटी विधवा नारी राष्ट्रप्रमुखबाट आफ्ना पतिको वीरताको प्रशस्ति थाप्दै सम्पूर्ण नेपालीको वेदनालाई एकैपटक अनुहारमा ल्याइदिएर भक्कानो फुटाल्न समर्थ भइन्। साधारणतया नेपाली विधवाहरूले प्रयोग गर्ने रंगको सौम्य पहिरनमा श्रद्धापूर्वक उभिएकी ती नारीको वेदनामा मुछिएको शालीन अनुहारलाई राम्रोसँग हेरेर 'तिनले कुन वर्गको प्रतिनिधित्व गरेकी छन् ?' भन्ने राजनीतिक सोचाइमा सुरेश व्यस्त रहे। यत्तिकैमा उनलाई अघिल्लो रात टीभीमा देखेको कलिली बैनीको लासको स्मरण भयो र 'यी दुई दिदीबैनी एउटै वर्गका होइनन् र ?' भन्ने अनौठो सोचाइ मनमा आयो। 'ती विधवाका पतिलाई वर्गीय दुश्मन बनाउँदै यी कलिला नानीहरूले किन बन्दुक समाते ?' भन्ने अत्यन्त भावुक प्रश्न मनमा ल्याउँदै सुरेश त्यहाँबाट असन्तुलित मनस्थितिमा हिंडे।

त्यसरी हिंडेका सुरेश रोल्पाको जंगलमा आइपुगेका रहेछन्। बाटोमा उनी कहाँ बसे, के खाए र यति लामो यात्रा कसरी गरे भन्ने कुरा स्मरण गर्न उनलाई अत्यन्त कठिन भयो र उनले ती रोल्पाली युवतीको अनुहार हेरिरहे। हेर्दाहेर्दै उनले त्यस अनुहारमा चुत्राबेसी बगरमा लास बनाएर विनासद्गत् घुसारिएकी कलिली नानीलाई देख्न थाले र उनी पुनः बेहोसीको अवस्थामा आउँदै बसेको ठाउँबाट गर्ल्लम्म तल खसे।

कसैको शीतल स्पर्शले होसमा आएका सुरेश आफूलाई तिनै रोल्पाली युवतीको काखमा पाउँदा पुनः बेहोसीको अवस्थामा पुग्ने गरी खुसी भए र युवतीले आफ्नो निधारमा राखेको हातलाई उनले स्नेहपूर्वक समाते। अब ती युवती खुसीमात्र भइनन्, बेहोस भएको युवकलाई होसमा ल्याउने क्रममा आफूले काखमा राखेकीमा लाज मानिन् र सजिलोसँग उनलाई भुइँमा सुताउँदै आफू एक छेउमा बसिन्।

'किन यस्तो ठाउँमा आउनुभएको ?' लज्जामिश्रित स्वरमा युवतीले सुरेशलाई सोधिन्।

'तपाईंको खोजीमा ?' युवकले रसिलो जवाफ दिए।

'त्यसो नभन्नोस्, मेरा साथीहरूले सुन्लान् !' नजिकैको झाडीमा घाँसपात बटुलिरहेका साथीहरूतिर संकेत गर्दै युवतीले जवाफ दिइन्। नजिकैको गाउँबाट घाँसपातको खोजीमा ती युवतीहरू जंगल पसेका रहेछन्। अचानक सुरेश लडेको आवाज सुनेर उनीहरू त्यहाँ आएका र धेरै कोसिस गर्दा पनि उनी होसमा नआएका हुँदा एकजनालाई त्यहाँ छाडेर अरु दुईटी आफ्नो काममा लागेका रहेछन्।

'अब तपाईं यहाँबाट फर्किहाल्नोस्, यता अघि बढ्नु ठीक छैन' युवतीले सुरेशका सबै कुरा सुनेपछि घर फर्कनको लागि सम्झाउन थालिन्।

सुरेशले रोल्पा जिल्ला घुम्ने र स्कूल जाने उमेरका केटाकेटीहरू किन बन्दुक समाएर हिंड्ने रुचि लिएका छन् भन्ने कुराको अनुसन्धान गर्ने आफ्नो योजना रहेको कुरा बताए।

'स्कूल खुले पो पढ्न जाने। यता त सबै कुरा बन्द छन् !' रहस्यपूर्ण किसिमले युवतीले कुरा शुरु गरिन्।

'म स्कूल खुलाउँछु, पढ्ने उमेरका केटाकेटीहरूले स्कूल जान पाएनन् भने भोलिको नेपाल कस्तो हुनेछ ?' सुरेशले बौद्धिक प्रश्न गरे।

'हामीकहाँ स्कूल पढ्ने वर्ग छैनन् रे !' युवतीले अनौठो कुरा भनिन्। "के भन्नुभएको ? कस्तो वर्गको कुरा गर्नुभएको ? नेपालभरि स्कूल, क्याम्पस खुलेकै त छन् नि किन आफ्ना स्कूलहरू बन्द गरेर 'हामी पढ्ने वर्गका होइनौं' भन्ने ? के म तपाईंभन्दा अर्कै वर्गको देखिन्छु र ? म त पढ्दैछु' सुरेशले प्रश्नको थुप्रो लगाइदिए।

'तपाईं त त्यस्तो देखिनुहुन्न तर मेरी बैनी त्यस्तै कुरा गर्छे !' ती युवतीले सरल जवाफ दिइन्।

ती युवतीले मेरी बैनी भनेको कुराले सुरेशलाई चुत्राबेसीको बगर सम्झायो र ती नानी यिनैकी बैनी हुन् कि भन्ने अत्यन्त नमीठो शंका उनको मनमा उब्ज्यो । तर पनि कुरा गर्दै रहे र अलि स्पष्ट हुनको लागि प्रश्न गरे- 'तपाईंकी बैनी घरमा छैनन् र ?'
'कहाँ घरमा हुन्थी ! कहिलेकाहीं आउँछे र वर्गीय दुश्मनलाई खत्तम पार्ने भन्ने उग्र कुराहरू मात्र गर्छे' यताउति आँखा दौडाउँदै सानो स्वरमा उनले भनिन् र सुरेशतिर हेरिन् ।
'तपाईंलाई उनका कुरा कस्ता लाग्छन् ? वर्गीय दुश्मन को हुन् जस्तो लाग्छ ?' सुरेशले नचाहँदा नचाहँदै राजनीतिक प्रश्न गरे ।
'खै मलाई त केही थाहा छैन तर हाम्रो जिल्लालाई यस्तो पछौटे अवस्थामा राख्ने हाम्रा वर्गीय दुश्मन त होलान् ।' युवतीले आफ्नो जिल्लाको अवस्थामा भावुक भएर मनमा लागेका कुरा बताउन खोजिन् ।
सुरेशलाई एकातिर उनकी बैनी अर्घाखाँचीमा मारिएकी हुन् भन्ने विश्वास हुँदै गएर उनीप्रति सहानुभूति जाग्दै थियो भने अर्कोतिर उनको सरल स्वभावबाट आफू ज्यादै प्रभावित हुँदै थिए । तर 'वर्गीय दुश्मन' बारेमा उनलाई गलत परिभाषा दिइएको रहेछ जस्तो लागेर आफूले काठमाडौंबाट किनेर ल्याएको ती विधवा नारीको फोटो भएको पत्रिका आफूसँगै भएकाले त्यस पत्रिकाको फोटो देखाउँदै उनले ती युवतीसँग प्रश्न गरे- 'यिनै हुन् तपाईंहरूकी वर्गीय दुश्मन ?'
त्यो फोटो देखेर ती युवती धेरैबेर हेरेको हेर्‍यै भइन् र उनका आँखाबाट तरर्र आँसु खसे ।
'तपाईं पनि रुनुभयो, यो फोटो देखेपछि जो कोही पनि रुन्छ । अवश्य पनि यिनका पति असल मानिस थिए, किनकि असल संगतले मात्र यिनमा ऐन-मौकामा आफ्नो मनको भावना छताछुल्ल पोख्ने साहस आयो । उनी अवश्य पनि तपाईंकी बैनीका वर्गीय दुश्मन थिएनन् । त्यसैले उनी तपाईंकी बैनीका जमातबाट मारिनु र तपाईंकी बैनी उनीहरूबाट मारिनु नेपाली मात्रको दुर्भाग्य हो !' भन्दै सुरेश भावुक बने ।
'के भन्नुभयो ? मेरी बैनी मारिई रे ! साँच्चै भन्नोस् न, मेरो त अरू कोही पनि छैन !' उनी नराम्ररी आत्तिइन् । उनी त्यसरी आत्तिएको देखेर सुरेशले अनुमानको भरमा आफूले गरेको कुरामा आफैंलाई ग्लानि भयो भने उता घाँसपात लिएर आइरहेका साथीहरूले ती युवतीलाई सम्हाले । त्यसरी बेहोसी अवस्थामा रहेको मानिसलाई माया गरेर होसमा ल्याउने युवतीलाई नचाहिँदो कुरा गरेर रुआएकोमा उनीहरूले सुरेशप्रति तिरस्कारको भावना प्रकट गरे र आफ्नी साथीलाई ल्याइदिएको घाँसको भारी बोक्न लगाएर सुरेशलाई त्यत्तिकै छाडी उनीहरू हिंड्न थाले । हिंड्ने बेलामा सुरेशले उनलाई उदाहरणको रूपमा त्यस्तो कुरा गरेको हुँ भनेर सम्झाए भने ती युवतीले आफूले खाजाको लागि ल्याएको भुटेका मकैको थैली सुरेशलाई दिएर मुस्कुराउन खोज्दै बिदा भइन् ।
सुरेशलाई छाडेर हिंड्दा ती युवतीका खुट्टा गल्लुंगा भए । शुरुको जस्तो रमाइलो वातावरण रहेको भए उनले साथीहरूसँग ती युवकलाई एक्लै जंगलमा छाड्न नहुने कुरा गर्थिन् होला, तर पछि नरमाइलो वातावरण सिर्जना भएकोले साथीहरू ती युवकसँग रिसाएका हुँदा उनले केही भन्न सकिनन् र नचाहँदा नचाहँदै साथीहरूसँग पछि लागिन् ।
केही दिनपछि थाहा भयो– ती युवतीकी बैनी अर्घाखाँची घटनामा मारिएकी रहिछन् । बैनीको वियोगको वेदनासँगै सुस्तसुस्त ती युवतीलाई जंगलमा भेटिएको युवकको सम्झना हुन थाल्यो । "कसरी उसले 'मेरी बैनी' भनेर चिन्यो होला, मेरी बैनीसँग उसको पहिले नै भेट भएको थियो कि ?" भन्ने अनौठो प्रश्न मनमा उब्जेर उनले त्यस युवकलाई भेट्ने विचार गरिन् । तर कहाँ भेट्ने ? कसरी भेट्ने ? अर्को दिन कुरा हुँदा तिनै साथीहरूले 'त्यो मानिस बेलुकीसम्म त्यहीं पल्टिरहेको थियो रे, कुन जमातको शिकार भयो होला !' भन्ने अनौठो कुरा गरेका थिए । त्यसपछि उनले केही कुरा थाहा पाइनन्, 'कतै ऊ पनि मारिइसक्यो कि ?' भन्ने कुराले चिन्तित हुँदै उनले आफूसँग भएको उसैले दिएको पत्रिका खोजेर हेर्न थालिन् । त्यस पत्रिकामा पनि उसको नाम निशाना कतै थिएन, तर उसले देखाएकी विधवा नारी श्री ५ महाराजाधिराजको अगाडि उँभिएर भक्कानो फुटालेर रोएको दृश्य जस्ताको तस्तै थियो र उनले त्यो फोटो धेरैबेर हेरिरहिन् ।
केही दिनपछि काठमाडौं आएर नारायणहिटी राजदरबारमा गई उनले त्यस फोटोकी विधवा नारीको ठेगाना पत्ता लगाइदिन अनुरोध गरिन् र त्यहाँबाट ठेगाना पाएर उनी ती विधवाको गाउँ पुगिन् । त्यस सानो गाउँमा रहेको सानो घर र गोठ देखेर ती रोल्पाली युवतीले जंगलमा भेटेको उसै युवकलाई सम्झिन् र उसले बताएको वर्गीय दुश्मनसम्बन्धी विश्लेषण शतप्रतिशत मिलेकाले ऊप्रति झन् बढी कृतज्ञ भइन् । एकछिनमा उनले फोटोमा देखेकी नारीलाई भेटिन् । फोटोमा उनका लुगा अलि

सुकिला थिए, अनुहार पनि हृष्टपुष्ट देखिन्थ्यो, तर यहाँ अलि गरिबीको झझल्को दिने वातावरण थियो र उनको स्वास्थ्य पनि अलि कमजोर देखेर रोल्पाली युवती झन् द्रवित भइन् र 'दिदी !' भन्दै रोएर उनलाई अँगालोमा कसिन् । अहिलेसम्मका घटनाहरूको विश्लेषण गर्दा आफ्नै बैनीका कारणले ती दिदीलाई यस्तो भएको हो कि भन्ने दोषी भावनाबाट दुःखित हुँदै उनले ती विधवा नारीप्रति माया देखाइन् ।

'बैनी, मैले चिनिन, तिमी को हौ ?' भनेर ती विधवाले प्रश्न गर्दा 'म तपाईंकी बैनी हुँ' भन्दै उनले पुनः ती विधवाप्रति गहिरो माया देखाइन् । त्यसपछि विस्तृत रूपमा कुरा भए । आफ्नी बैनीको वियोगको वेदनाले ग्रस्त युवती त्यति टाढाबाट आफूलाई खोज्दै त्यहाँसम्म आइपुगेकी र ती दुई दिदीबैनीको मिलन गराइदिने एक अपरिचित मित्रको बारेमा समेत कुरा सुनेर ती नारी पनि भावुक भइन् ।

राति सँगै सुतेको बेलामा रोल्पाली बैनीले आफ्ना सबै वेदना ती दिदीसँग छताछुल्ल पोखिन् । वाल्यावस्थामा नै बाबुआमा गुमाएकी र एउटा भएको दाजु पनि भारततिर बेपत्ता भएकाले एक मात्र बैनीलाई पालेर बसेको समयमा बैनी पनि हराएकी र पछि ऊ मारिएको खबर उनले सुन्नुपर्‍यो । त्यसरी मारिएकी बैनीको सद्गत् पनि हुन नसकेकोमा सारै नै मर्माहत भएर त्यस पत्रिकाको फोटोको सहारा लिँदै यहाँसम्म आइपुगेको उनको कथा सुनेपछि ती दिदी अत्यन्त द्रवित भइन् र बैनीलाई सम्झाउन थालिन् । सम्झाउने क्रममा उनले आफूहरू दुवैजना अर्घाखाँची जाने र बैनीको लास रहेको ठाउँमा फूलको बगैंचा निर्माण गर्ने कुराको प्रस्ताव राखिन् । त्यो कुरा सुनेर रोल्पाली बैनी अत्यन्त भावुक भइन् र प्रश्न गरिन्- 'दिदी, तपाईं मसँग जान सक्नुहुन्छ ?'

'तिमी भन्छ्यौ भने म अर्घाखाँचीसम्म मात्र होइन, तिमीसँग रोल्पा नै पुग्न सक्छु' दिदीले मायालु जवाफ दिइन् ।

'दिदी, मलाई तपाईंसम्म पुर्‍याइदिने त्यो मानिस भेटिएको भए उसलाई साथै लिएर तपाईंलाई पनि रोल्पा लैजाने थिएँ, तर ....' उनी बोल्दाबोल्दै भावुक भइन् र रुन थालिन् ।

'बैनी, किन रोएको ? त्यस्तो नराम्रो कुरा नसोच, उसलाई केही भएको छैन !' सम्झाउने प्रयास गर्दै दिदीले बैनीका हात समातिन् ।

'दिदी, उसले रोल्पाका सबै स्कूलहरू खुलाउँछु भनेको थियो, भोलिको नेपालको बारेमा उसलाई कति धेरै चिन्ता थियो । तर त्यस्तो मान्छेलाई मैले एक्लै जंगलमा छाडेर हिंडें' भन्दै उनी पुनः रुन थालिन् ।

"बैनी, चिन्ता नगर, उसलाई केही भएको छैन । हामी पनि उसलाई सहयोग गर्दै 'भोलिको नेपाल' का कर्णधार बनाउने शिक्षण संस्थाहरू खुलाउन ऊसँग काँधमा काँध मिलाएर हिँडौंला । केही गरी उसलाई भेटाउन सकिएन भने पनि हामीले अरू साथीहरू खोजेर 'भोलिको सुनौलो नेपाल' बनाउने आन्दोलन अघि बढाऔंला" दिदीले भाषण गरेजस्तै गरेर तेजिलो कुरा गरिन् ।

ती विधवा दिदीको त्यस्तो उत्साह देखेर रोल्पाली बैनी अत्यन्त खुसी भइन् र भनिन्- 'हुन्छ दिदी, अब म तपाईंलाई छाड्दिन, हामी सँगै काम गरौं ।'